# पशु हाटवजार निर्माण/सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

(प्रदेश सरकार, मन्त्रीपरिषद, मिति २०७५/१०/०२ गतेको निर्णयबाट स्वीकृत)

प्रदेश सरकार

भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं.१, विराटनगर, नेपाल

सचिव

# पशु हाटवजार निर्माण/सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

(प्रदेश सरकारको मिति २०७५/१०/२ को निर्णयबाट स्वीकृत)

## पृष्ठभूमि

पशुपन्छी तथा पशुपन्छीजन्य उत्पादनहरुको बिक्रि वितरण सुव्यवस्थित हुन सकेको छैन । हाल संचालनमा रहेका पशु हाटवजारहरुमा न्यूनतम भौतिक पुर्वाधारहरुको कमि भएको हुदाँ बजारहरुमा पूर्वाधार विकास गरी व्यवस्थित गर्नुपर्ने खांचो देखिएको छ । उत्पादित पशुपन्छी तथा पशुपन्छीजन्य उत्पादनहरुको बजार सम्मको पहुँच प्रदान गरी उपभोक्ताहरु माझ गुणस्तरिय पशुपन्छी तथा पशुपन्छीजन्य उत्पादनहरुको प्रतिस्पर्धि बजार मूल्यमा उपलव्धता सुनिश्चित गर्न, पशु हाटवबजारहरुमा असल व्यवस्थापन प्रणाली लागु गरी बजार सूचना केन्द्रको रुपमा विकास गर्न र पुश उत्पादन पकेट क्षेत्रहरुमा अवस्थित पशु संकलन केन्द्रलाई पशु हाटबजार संग आवद्ध गरी पशु तथा पशुजन्य उत्पादनहरुको बजारीकरणमा टेवा पुर्याइ निर्वाहमुखी एवं छरिएर रहेको पशुपालन ब्यवसायलाई रुपान्तरणका लागि सरकारी, सहकारी र निजी क्षेत्र समेतको लगानी, सहभागिता र व्यवस्थापनमा सुविधायुक्त पशु हाटबजारहरुको विकास र विस्तार गर्नका अतिरिक्त हाल संचालनमा रहेका पशु हाटबजारहरुको पूर्वाधार निर्माण/सुधार गर्ने सोचका साथ पशु हाटबजार निर्माण/सुधारको कार्यक्रम संचालन हनेछ । सो कार्यक्रम व्यवस्थित, पारदर्शि र प्रभावकारी ढङ्गले सन्चालन होस भन्ने अभिप्रायले "प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५"को दफा ३(१) को अधिकार प्रयोग गरि प्रदेश सरकारबाट "पशु हाटबजार निर्माण/सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" तर्जुमा गरी लागू गरिएको छ

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम "पशु हाटबजार निर्माण/सुधार कार्यक्रम कार्यन्वयन कार्यविधि,२०७५" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषाः बिषय र प्रसंगले अर्को अर्थ नलागेमा

(३) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्दछ ।

(४) "निर्देशनालय" भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयलाई सम्झनु पर्दछ ।

(५) "विज्ञ केन्द्र " भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञकेन्द्रलाई सम्झनु पर्दछ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश सरकार, प्रदेश नं.-१, विराटनगर, नेपाल

सचिव

प्रमुख सचिव

(६) "सम्बन्धित कार्यालय" भन्नाले कार्यक्रम संचालनको अख्तियारी प्राप्त भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय; पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय एवं भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरुलाई समेतलाई जनाउँछ ।

(७) "कार्यक्रम" भन्नाले पशु हाटबजार निर्माण/सुधार कार्यक्रमलाई सम्झनु पर्दछ ।

(८) "साझेदार" भन्नाले कार्यक्रम संचालनका लागि तोकिएको शर्तहरु पालन गर्ने गरी साझेदारी गर्न तयार स्थानिय तह, उद्योग बाणिज्य संघ, व्यवसायिक संघ/संगठन र सहकारी संस्थाहरुलाई सम्झनु पर्दछ ।

(९) "साझेदारी" भन्नाले कार्यक्रम संचालनका लागि अख्तियार प्राप्त कार्यालय र साझेदारका बिच द्विपक्षिय/वहुपक्षिय सम्झौताका आधारमा हुने लागत सहभागितालाई जनाउँदछ ।

(१०) "अनुदानग्राही" भन्नाले कार्यक्रम कार्यान्वयनका सन्दर्भमा अनुदान प्राप्तिका लागि छनौट भै द्विपक्षिय/बहुपक्षिय सम्झौता भएका साझेदार भन्ने बुझ्नु पर्दछ ।

(११) "द्विपक्षिय सम्झौता" भन्नाले सम्बन्धित कार्यालय र साझेदारका बिच कार्यक्रम सम्पन्न गर्नको लागि गरिएको सम्झौता पत्र सम्झनु पर्दछ ।

(१२) "प्रस्तावक" भन्नाले अनुदान कार्यक्रममा भाग लिने उद्देश्यले प्रस्ताव पेश गर्ने सहकारी संघ/संस्था व्यावसायिक संघ/संगठन, उद्योग बाणिज्य संघ/संगठन तथा स्थानिय तहहरु समेतलाई जनाउँदछ ।

(१३) "प्रस्ताव" भन्नाले सम्बन्धित कार्यालयले कार्यक्रम कार्यान्वयन गर्ने सिलशिलामा जारी गरेको सार्वजनिक सूचना मुताविक प्रस्तावकले निर्धारित ढाँचामा तयार गरि पेश गरेको अवधारणा पत्र र अन्य आवस्यक कागजातहरुलाई समेत जनाउँदछ ।

(१४) "पशु हाटबजार" भन्नाले प्रशोधित वा अप्रशोधित पशु पन्छी तथा पशुपन्छीजन्य उत्पादनहरु खरीद विक्रि गर्ने उद्देश्यले यस निर्देशिका वमोजिम निर्माण/सुधार हुने स्थान वा संरचना सम्झनु पर्दछ ।

(१५) "पशुपंन्छी" भन्नाले घरपालुवा गाई, भैंसी, भेंडा,बाख्रा, बंगुर जस्ता चौपाय तथा कुखुरा, हाँस, परेवा, अस्ट्रिच, टर्की जस्ता पंक्षी र माछा तथा सो खाले सबै जाति र उमेरका भाले र पोथीलाई समेत जनाऊँदछ ।

(१६) "नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिक" भन्नाले सेवाको प्रकृति अनुसार नेपाल इन्जीनीयरिङ्ग परिषद, नेपाल पशु चिकित्सा परिषद वा नियमानुसारको आधिकारिक निकायबाट इजाजत प्राप्त प्राविधिक सम्झनु पर्दछ ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं.-१ बिराटनगर, नेपाल

सचिव

प्रमुख सचिव

३. उद्देश्य

पशु हाटबजार निर्माण/सुधार कार्यक्रम संचालनको उद्देश्य देहाय बमोजिम रहेको छः

(१) पशु हाटबजार निर्माण/सुधार कार्यक्रम निश्चित विधि र प्रकृया अन्तर्गत एकरुपता कायम राखी संचालन गर्ने ।

(२) पशुहरुको उत्पादन पकेहरुलाई बजार संगको आबद्धता प्रदान गर्दै पशुहरुको बजारीकरणमा टेवा पुऱ्याउने ।

(३) बजार सूचना संजालको विकास गर्दै पशु हाटबजार सम्बन्धी सूचना प्रवाहमा टेवा पुऱ्याउने ।

(४) पशुपन्छी तथा पशुपन्छीजन्य उत्पादनहरुको प्रतिस्पर्धि बजार मूल्य सुनिश्चित गर्ने ।

## परिच्छेद २
## कार्यक्रम संचालन सम्बन्धी प्रक्रिया

४. अनुदान प्राप्त गर्न सक्ने निकायहरु (साझेदार निकायहरु)

(१) स्थानिय तह

(२) उद्योग बाणिज्य संघ

(३) सहकारी संघ/संस्था

(४) व्यवसायिक संघ/संगठन

५. अनुदान रकम उपयोग गर्न सकिने कार्यहरु

(१) पशु हाटबजारको लागि आवश्यक पर्ने भवन र अन्य भौतिक संरचना निर्माण/सुधार ।

(२) आवश्यक औजार र उपकरणहरु खरिद तथा जडान ।

(३) पशुहरुलाई गाडीवाट ओराल्न र चढाउनको लागि प्लेटफार्म निर्माण ।

(४) ढल निकास तथा फोहोर व्यवस्थापनका लागि आवश्यक निर्माण र उपकरण जडान ।

(५) बिद्युत र पानीको नियमित आपूर्ती सम्बन्धि कार्यहरु ।

(६) पशुहरु राख्ने सेड निर्माण र प्राथमिक पशु उपचार कक्ष ।

(७) बारबन्देज तथा र कम्पाउण्ड वाल निर्माण ।

(८) फोहोर व्यवस्थापन, बायोग्यास प्लान्ट निर्माण तथा शौचालय निर्माण/सुधार ।

(९) अभिलेखिकरण र सुचना व्यवस्थापनका लागी कम्प्युटर, प्रिन्टर, टेलिफोन जडान ।

(१०) स्वच्छ पिउने पानीको व्यवस्था (पानी ट्याङ्की र पाइप फिटिङ्ग, पानी तान्ने मोटर जडान आदि) ।

(११) शौचालय/वासिङ्ग वेसिन निर्माण तथा सुधार ।

(१२) जैविक सुरक्षा व्यवस्थापन

(१३) डिजिटल डिस्प्ले वा इलेक्ट्रोनिक मूल्य सूचि जडान ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं.-१ विराटनगर, नेपाल

प्रमुख सचिव

सचिव

६. कार्यक्रम संचालन हुने जिल्लाहरु :

(१) प्रदेश नं.१ अन्तरगतका सबै जिल्लाहरु ।

७. कार्यक्रम कार्यान्वयन सम्बन्धी जिम्मेवारी तथा दायित्व

(१) कार्यक्रम कार्यान्वयनका सिलशिलामा सूचना प्रकाशन, प्रस्ताव छनौट, सम्झौता, अनुगमन र भुक्तानि सम्बन्धि जिम्मेवारी र दायित्व सम्बन्धित अख्तियार प्राप्त कार्यालयको हुनेछ ।

(२) सम्झौता मुताविकको कार्य निर्धारित समय सिमा भित्र इमान्दारिता र पारदर्शिता कायम राखि उच्च गुणस्तर सहित सम्पन्न गर्ने दायित्व सम्बन्धित साझेदारको हुनेछ ।

(३) साझेदारले कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने विशेषज्ञ सेवा सम्बन्धित कार्यालय वा अन्य निकाय र क्षेत्रबाट समेत प्राप्त वा खरिद गर्न सक्नेछ ।

(४) अनुदानग्राहीले कार्यक्रम संचालनको प्रगति प्रतिवेदन नियमित रुपमा सम्बन्धित कार्यालयमा उपलब्ध गराउनु पर्नेछ।

८. कार्यक्रम कार्यान्वयन प्रकृया

यो कार्यक्रम देहाय बमोजिम संचालन गरिनेछ ।

(१) सम्बन्धित कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम मुताविक *अनुसूची–१* बमोजिम सूचना राष्ट्रिय स्तरको पत्रिकामा ३० दिनको सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नेछ ।

(२) सूचनामा उल्लेख भए मुताविक कार्यक्रम सन्चालनका लागि उपयुक्त र इच्छुक प्रस्तावकहरुले *अनुसूची–२* बमोजिमको आवेदन, *अनुसूची–३* बमोजिमको व्यवसाय योजना, *अनुसूची–४* बमोजिमको लागत साझेदारी प्रतिबद्धता पत्र, *अनुसूची–५* बमोजिमको स्वघोषणा, *अनुसूची–६* बमोजिमको सम्बन्धित निकायको सिफारिस र अन्य सान्दर्भिक कागजातहरु संलग्न राखि निर्धारित समय भित्र सम्बन्धित कार्यालयमा आवेदन दर्ता गर्नु पर्नेछ ।

(३) दफा ८ को उपदफा (१) मुताविकको सूचनाका आधारमा निर्धारित समय भित्र प्रयाप्त प्रस्तावहरु दर्ता हुन नआएमा सम्बन्धित कार्यालयले म्याद थप गरेको १५ दिने सूचना प्रकाशन गर्न सक्नेछ ।

(४) रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही हुने छैन ।

(५) प्राप्त प्रस्तावहरुको प्रारम्भिक छनौट, फिल्ड भेरिफिकेसन र सिफारिसका लागि निम्न बमोजिमको प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समिति रहने छ ।

| | |
|---|---|
| (क) सम्बन्धित कार्यालय प्रमुखले तोकेको अधिकृत | संयोजक |
| (ख) तालुक माथिल्लो निकायको प्राविधिक अधिकृत प्रतिनिधि | सदस्य |
| (ग) सम्बन्धित कार्यालयको प्राविधिक | सदस्य |

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश सरकार प्रदेश नं.-१ विराटनगर, नेपाल

प्रमुख सचिव

(घ) आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य

(ङ) कार्यक्रम हेर्ने फोकल पर्सन — सदस्य-सचिव

*नोटः समितिले आवश्यक्ता मुताविक बढिमा ३ जना सम्म आमन्त्रण गर्नसक्नेछ।*

(६) रितपूर्वक पेश हुन आएका प्रस्तावहरुको प्रारम्भिक छनौटका लागि *अनुसूची–१०* बमोजिम माग गरेका आवश्यक कागजातहरु भए नभएको सूची पेश गर्नका लागि प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले सम्बन्धित कर्मचारीलाई जिम्मेवारी तोक्नेछ ।

(७) प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले प्राविधिक टोली परिचालन गरि अनुसूची-७ बमोजिम फिल्ड भेरिफिकेसन गर्न सक्नेछ तथा आवश्यक ठानेमा समिति स्वयंले समेत सिफारिस पूर्व स्थलगत अनुगमन गर्न सक्नेछ ।

(८) प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले *अनुसूची–८* बमोजिम प्रस्तावहरुको मुल्याङ्कन गरि प्राथमिकिकरण सहितको सूचि स्वीकृतिका लागि सम्बन्धित कार्यालय प्रमुख समक्ष पेश गर्नेछ ।

(९) सम्बन्धित कार्यालय प्रमुखको स्वीकृति पश्चात छनौट भएका र वैकल्पिक प्रस्तावहरुको नामावली सम्बन्धित कार्यालयको सूचना पाटीमा सूचना टाँस गरी वा कुनै पनि संचार माध्यमबाट जानकारी गरिनेछ ।

## ९. सम्झौता

(१) स्विकृत प्रस्तावका आवेदकलाई सम्बन्धीत कार्यालयले अनुसूची–९ बमोजिम सम्झौताका लागि ३० दिनको सार्वजनिक सूचना जारी गर्नेछ । तोकिएको अवधि भित्र द्विपक्षिय सम्झौता हुन नसकेमा वैकल्पिक प्रस्तावकलाई १५ दिनको म्याद दिई द्विपक्षिय सम्झौताको लागि बोलाइनेछ ।

(२) तोकिएको अवधि भित्र द्विपक्षिय सम्झौता हुन नसकेमा वैकल्पिक प्रस्तावकसंग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

(३) द्विपक्षिय सम्झौतालाई साझेदारी कार्यक्रम कार्यान्वयनको मूल आधार मानिनेछ ।

## १०. अनुदान प्रवाहका शर्तहरु

(१) सूचना प्रकाशन हुनु अगावै प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी संस्था, व्यवसायीक संघ/संस्था, उद्योग बाणिज्य संघ र स्थानिय तह यस कार्यक्रमका लागि योग्य मानिनेछन् ।

(२) पशु हाटबजारको भौतिक संरचनाको डिजाइन र लागत इष्टिमेट नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिकले गरेको हुनु पर्नेछ ।

(३) विगत ३ वर्ष भित्र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय र अन्तर्गतका निकाय वा कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तर्गतका निकायहरुबाट सोही प्रकृतिको कार्यक्रममा अनुदान प्राप्त गरेको आवेदक पूनः अनुदानको लागि योग्य हुने छैन । तर अपूरो निर्माण

सचिव — प्रमुख सचिव

कार्यलाई पूर्णता दिई संचालनमा ल्याउन थप अनुदान आवश्यक रहेको भन्ने प्राविधिक प्रतिवेदनको आधारमा पूनः अनुदान प्रदान गर्न बाधा पर्ने छैन ।

(४) अनुदान प्राप्त गर्ने प्रस्तावकले कम्तिमा १० वर्ष सम्म व्यवसाय संचालन गर्नु पर्नेछ ।

(५) लिजको जग्गामा पशुहाटबजा निर्माण/सुधार गर्ने भएमा जग्गा धनि संग कम्तिमा २० वर्षको करारनामा वा सम्झौता गरेको हुनुपर्नेछ ।

(६) पशु हाटबजार निर्माण/सुधा गरिने स्थानमा सडक र विद्युतको सुविधा भएको हुनु पर्नेछ ।

(७) कार्यक्रम संचालन गर्न सामाजिक, वातावरणिय, प्राविधिक, वित्तिय र भौगोलिक रुपले समेत उपयुक्त हुनु पर्नेछ।

(८) अनुदानको लागि प्रस्ताव पेश गर्ने संस्थाको नियमित लेखा परीक्षण भएको हुनु पर्नेछ।

(९) अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह अनुदान रकम असु उपर र कारवाही हुनेछ ।

(१०) सरकारी वा गैरसरकारी निकायबाट यस अघि अनुदान प्राप्त गरेका प्रस्तावकले कार्यक्रम मुताविक गरेको नपाइएमा त्यस्ता प्रस्तावकलाई मूल्याङ्कनमा समावेश गरिने छैन ।

(११) नियम अनुसार सरकारी निकायमा दर्ता भएको, कर चुक्ता गरेको र स्थायी लेखा नम्बर प्राप्त गरेको र कुनै कार्वाहीमा नपरेको हुनु पर्नेछ ।

(१२) पशु हाटबजार निर्माण/सुधार हुने स्थानमा फोहर मैला फाल्ने सार्वजनिक क्षेत्र नजिक हुनु हुँदैन ।

(१३)पशु हाटबजारको भौतिक संरचनामा परिवर्तन वा भत्काउनु/हटाउनु पर्ने भएमा सम्वन्धित कार्यालयको पूर्व स्वीकृती अनिवार्य लिनु पर्नेछ ।

(१४) पशु हाटबजार निर्माण/सुधारको लागि जग्गा कम्तिमा हिमाल, पहाडमा ६ रोपनी र तराईमा १५ कठ्ठा हुनुपर्नेछ ।

(१५) यस कार्यविधि बमोजिम निर्माण/सुधार हुने पशु हाटबजारको स्वामित्व र संचालन गर्ने दायित्व सम्वन्धित साझेदारको हुनेछ । तर सम्वन्धित कार्यालयको सहमती लिई स्थानिय तह, सहकारी संस्था व्यवसायीक संघ/संगठन, गैर सरकारी संस्था, सामुदायिक संस्था, उद्यमी र व्यवसायीहरुलाई निजको कार्य अनुभव र व्यवस्थापकीय क्षमताको आधारमा स्वामित्व यथावत राखि व्यवस्थापन र सन्चालन सशर्त हस्तान्तरण गर्न सकिनेछ ।

(१६) यस कार्यविधि बमोजिम निर्माण/सुधार गरिने पशु हाटबजारमा व्यवस्थापन समितिको गठन, सहभागितामुलक गुरु योजना तर्जुमा र बजार संचालनवाट भएको आम्दानीको १५ प्रतिशत रकम बार्षिक रुपमा बजार पूर्वाधार निर्माण, मर्मत सम्भार र व्यवस्थापनमा खर्च गर्ने जस्ता कार्यहरु गर्नु पर्नेछ ।

सचिव

प्रमुख सचिव

(१७) पशु हाटबजार भित्र पशु स्वास्थ सेवा, बिक्री भएका पशुहरुको रेकर्ड अध्यावधिक तथा नेपाल पशु चिकित्षा परिषदमा दर्तावाला भेटेरिनरीयनबाट निरोगिताको प्रमाणपत्र जारी हुने व्यवस्था कार्यान्वय गर्दै लैजानु पर्नेछ ।

(१८) प्रस्तावकले लागतको कम्तिमा २५ प्रतिशत लागत साझेदारी गर्ने अनुसूची–४ बमोजिमको प्रतिवद्धता जनाएको हुनु पर्नेछ ।

(१९) तालिम, भ्रमण, गोष्ठी तलब भत्ता जस्ता चालु खर्चमा अनुदान उपलब्ध गराईने छैन ।

११. अनुगमन र मूल्याङ्कनः

(१) आवश्यकता अनुसार सम्बन्धित सरोकावालाहरुबाट र भुक्तानी प्रयोजनको लागि सम्बन्धित विज्ञ र प्राविधिक टोलीहरुबाट कार्यक्रमको अनुगमन/मूल्याङ्कन गर्न सकिनेछ ।

(२) अनुदानको उपयोग प्रगतिको अवस्था र कार्यविधि बमोजिमको शर्तहरु पालन गरेको/नगरेको सम्बन्धमा सम्बन्धित कार्यालयले नियमित अनुगमन गर्नेछ ।

(३) (ग) अनुगमन टोलीले अनुदान उपयोगको सम्बन्धमा आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ । यसरी दिइएको निर्देशन पालन गर्नु सम्बन्धित कार्यक्रम कार्यान्वयन गर्ने संस्थाको कर्तव्य हुनेछ ।

(४) कार्यक्रम स्थलमा सबैले बुझ्ने भाषामा होर्डिङ बोर्ड तयार गरी अनुदान प्राप्त रकम, कामको विवरण खुल्ने गरी सार्वजनिक जानकारीको लागि राख्नु पर्नेछ ।

१२. भुक्तानी प्रकिया

(१) सम्बन्धित साझेदारले शूरुमा आफ्नो तर्फको लगानीबाट सम्झौता अनुसारको कार्य सम्पन्न गरी नियमानुसारको विल/विजक, दाखिला रिपोर्ट, नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको प्रतिवेदन, रनिङ्ग विल, कार्य सम्पन्न प्रतिवेदन तथा अन्य आवश्यक कागजात सहित भुक्तानीका लागि अनुरोध गरे पश्चात सम्बन्धीत कार्यालयले स्थलगत निरीक्षण गरी मनासिव ठहरेमा रनिङ्ग विलको आधारमा सम्पन्न भएको कामको भुक्तानी दिनेछ ।

(२) बार्षिक स्वीकृत कार्यक्रम बजेटको परिधि भित्र रही कार्यक्रम सन्चालनका लागि प्रदान गरिने अधिकतम अनुदान रकमको सिमा तोकिनेछ साथै कार्यक्रम ७५:२५ को लागत साझेदारीमा सन्चालन हुनेछ । अर्थातः सम्बन्धित कार्यालयले प्रदान गर्ने अनुदान रकमलाई कार्यक्रम सन्चालन लागतको ७५ प्रतिशत बराबर मानी बाँकी २५ प्रतिशत रकम सम्बन्धित साझेदार स्वयंले व्यहोर्नु पर्नेछ ।

(३) (ग) छनौट भएको प्रस्तावकले बढिमा दुई वर्षमा कार्यक्रम सम्पन्न गरी सक्नु पर्नेछ । यसका लागि मन्त्रालयले आवश्यकता अनुसार सालबसाली बार्षिक कार्यक्रममा बजेटको व्यवस्था गरी भुक्तानी दिने व्यवस्था गर्नु पर्नेछ ।

सचिव

प्रमुख सचिव

(४) सम्पन्न भएका कृयाकलापहरुको अनुदान रकम बढीमा चार किस्तामा साझेदारको बैंक खातामा भुक्तानी दिईने छ ।

(५) भुक्तानी गरिने रकमबाट २(दुई) प्रतिशत कन्टिनजेन्सी वापत र नियमानुसारका अन्य सरकारी कर कट्टा गरि बाँकीरकम उपलब्ध गराईनेछ ।

(६) साझेदारले व्यहोर्ने घटिमा २५% साझेदारी रकममा जग्गा र चालु खर्च वापतको रकम समावेश हुनेछैन ।

(७) अन्तिम भुक्तानीका लागि आवश्यक विल/विजक, दाखिला रिपोर्ट, नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको प्राविधिक प्रतिवेदन र सम्बन्धित कार्यालय वा मातहत प्राविधिकको स्थलगत निरीक्षण प्रतिवेदन, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सिफारिस सहित सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

(८) अनुदानग्राहीले कार्य सम्पन भए पश्चात सम्बन्धित सरोकारवालाहरुको सहभागितामा सार्वजनिक सुनवाई गर्नु पर्नेछ र सो को प्रतिवेदन अन्तिम भुक्तानीका समयमा कार्य सम्पन्न प्रतिवेदन सहित सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद २
## विविध

**१३. आर्थिक प्रशासन सेवा**

कार्यक्रमको लेखा, लेखाङ्कन र लेखा परिक्षण प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधी नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ ।

**१४. प्रचलित कानून लागु हुने**

कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधिमा उल्लेख भएकाको हकमा यसै बमोजिम तथा कार्यविधिमा उल्लेख नभएका कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**१५. बाधा अड्काउ फुकाउने (खारेजी एबं संशोधन)**

(१) कार्यविधि कार्यान्वयनका सन्दर्भमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले आवश्यक निर्णय गर्न सक्नेछ ।

(२) कार्यविधि कार्यान्वयनमा बाधा अड्चन आइपरेमा वा विवाद उत्पन्न भएमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको निर्णय अन्तिम हुनेछ ।

(३) कार्यविधिलाई आवश्यकता अनुसार प्रदेश सरकारले खारेजी वा संशोधन गर्न सक्नेछ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश सरकार प्रदेश नं. १ विराटनगर, नेपाल

सचिव

प्रमुख सचिव

अनुसूची–१

पशु हाटबजार निर्माण/सुधार कार्यक्रम कार्यान्वयन सम्बन्धि प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७५/.../....

प्रदेश सरकार ............. मन्त्रालय/ निर्देशनालय/ विज्ञ केन्द्रको आ.व. २०७५/.... को स्वीकृत वार्षिक कार्यक्रम मुताविक देहायको कार्यक्रम सन्चालनका लागि "सम्बन्धित कार्यक्रम सन्चालन निर्देशिका/कार्यविधि २०७५" ले तोके बमोजिमका शर्तहरु पालना गरी साझेदारी गर्न इच्छुक आवेदकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म कार्यालय समय भित्र .............मा प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराईन्छ । थप जानकारीका लागि ......................... फोन नं. ..................... मा सम्पर्क राख्न वा ................. वेभसाईट बाट "पशु हाटबजार निर्माण/सुधार निर्माण कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५" डाउनलोड गर्न सकिने छ ।

कार्यक्रम विवरण

| क्र.सं. | कार्यक्रमको नाम | संख्या | अधिकतम साझेदारी रकम रु. | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
प्रदेश नं -१
विराटनगर, नेपाल

प्रमुख सचिव

अनुसूची – २

आवेदन

श्री..............................

.........................................

विषय : प्रस्ताव पेश गरिएको बारे ।

तहाँ मन्त्रालय/निर्देशनालय/विज्ञ केन्द्रको मिति ....................... को ......................... पत्रिकामा प्रकाशित सूचना मुताविक म निवेदकले लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न ईच्छुक भई आवश्यक कार्वाहीको लागि यो निवेदन पेश गरेको छु ।

निवेदकको

दस्तखत

मिति :

सम्पर्क नं.

प्रस्तावकको नाम र थर :

स्थायी ठेगाना :

प्रस्तावित कार्यक्रमको नाम :

कार्यक्रम सन्चालन हुने स्थानको पूरा ठेगाना :

संलग्न कागजातहरुको सूची

| क.सं. | संलग्न कागजातहरुको विवरण | संख्या |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| ७ | | |
| ८ | | |

सचिव

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश सरकार
प्रदेश नं. -१
विराटनगर, नेपाल

प्रमुख सचिव

अनुसूची –३

## पशु हाटबजार निर्माण कार्यक्रमको व्यवसायीक योजना

क) प्राविधिक प्रस्ताव

| | | |
|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको नाम | |
| २ | कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना | |
| ३ | आवेदकको नाम | |
| ४ | ठेगाना | |
| ५ | आवेदकको सम्पर्क टेलिफोन/मोवाईल नम्बर | |
| ६ | आवेदक संस्था/फर्म/कम्पनी/उद्योग/व्यवसायको दर्ता नम्बर | |
| ७ | दर्ता भएको कार्यालय र मिति | |
| ८ | आबेदक संस्था/फर्म/कम्पनी/उद्योग/व्यवसायको उमेर (दर्ता वा स्थापना पश्चातको अवधि वर्षमा) | |
| ९ | भ्याट/पान दर्ता नम्बर | |
| १० | प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु. | |
| ११ | प्रस्तावकले आफ्नै श्रोतबाट व्यहोर्ने रकम रु. | |
| १२ | सम्बन्धित कार्यालयसंग माग रकम रु. | |

| | | | | |
|---|---|---|---|---|
| १३ | प्रस्तावित कार्यक्रमको उद्धेश्य | | | |
| | | | | |
| १४ | प्रस्तवित कार्यक्रम कार्यान्वयन स्थलमा विद्यामान भौतिक पूर्वाधारहरु | | | |
| १४.१ | सडक सुविधा छ/ छैन | | नजिकको बजारको नाम | |
| १४.२ | कस्तो सडक छ(पक्की/कच्चि) | | बजार सम्मको दुरी (कि.मी.) | |
| १४.३ | बिजुलीको सुविधा छ/छैन | | सदरमुकाम देखिको दुरी (कि.मी.) | |
| १४.४ | खानेपानीको सुबिधा छ/छैन | | जग्गाको स्वामित्व(लिज/आफ्नै) | |
| १४.५ | आफ्नै भवन, मेशिनरी सवारी साधन र उपकरणको किसिम र संख्या उल्लेख गर्ने । | | | |

| सि.नं. | विवरण | इकाई | परिमाण |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

| | | |
|---|---|---|
| १५ | प्रस्तावित कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुनेको संख्या | |

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं.-१ बिराटनगर, नेपाल

सचिव

प्रमुख सचिव

| | |
|---|---|
| १६ | लक्षित समुदाय अप्रत्यस लाभान्वित हुनेको संख्या |

| महिला | दलित | जनजाती | अन्य |
|---|---|---|---|
| | | | |

| | |
|---|---|
| १७ | प्रस्तावित कार्यक्रमबाट सम्पन्न गरिने कृयाकलापहरुको विवरण |
| | |
| | |
| १८ | कृयाकलाप कार्यान्वयन योजना |

| सि.नं. | कृयाकलाप | मार्ग | पौष | माघ | फाल्गुण | बैसाख | जेष्ठ | अषाढ |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

| | |
|---|---|
| १९ | कार्यक्रम समाप्ति पश्चात अपेक्षित उपलब्धिहरु (बुँदागत रुपमा सम्भव भए परिमाण समेत खुलाउने) |
| | |
| | |
| २० | प्रस्तावित कार्यक्रममा अन्य निकायहरु समेत सामेल हुने भए तिनको नाम र सहकार्य रकम खुलाउने |

| सिं.नं. | सहकार्य गर्ने अन्य निकायहरुको नाम | सहकार्य रकम रु. |
|---|---|---|
| | | |
| | | |

| | |
|---|---|
| २१ | प्रस्तावकले विगत वर्षमा सम्पन्न गरेका उल्लेखनिय कार्यहरु (प्रस्तावित कार्यक्रमसंग मेलखाने मात्र) |
| | |
| २२ | उपरोक्त कार्य सम्पादनका लागि भएको लगानी रकम (रु.) |
| २३ | प्रस्तावित कार्यक्रम सम्बन्धि आवेदकको अनुभव र तालिम (अवधि समेत खुलाउने) |
| | |
| २४ | **आवेदकसँग विद्यमान जनशक्ति विवरण** |

| सि.नं. | जनशक्ति विवरण | दक्षता तालिम/शैक्षिक योग्यता) | |
|---|---|---|---|
| | | | |
| | | | |

| | |
|---|---|
| २५ | प्रस्तावित कार्यक्रमले वातावरणमा पर्न सक्ने नकारात्मक असर : |
| २६ | **वातावरणिय असर न्यूनिकरणका लागि अपनाईने उपाय** |
| | |
| २७ | प्रस्तावित कार्यक्रमले श्रृजना गर्ने थप रोजगारी (संख्या) |

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं. १ विराटनगर, नेपाल

सचिव

प्रमुख सचिव

आर्थिक प्रस्ताव

प्रस्तावमा उल्लेखित कृयाकलापहरुको लागत अनुमान र सहकार्यकोको विस्तृत विवरण :

| क्र. सं. | मुख्य कृयाकलापहरु | इकाई | परिमाण | प्रति इकाई दर (रु.) | कुल लागत (रु.) | प्रस्तावको योगदान (रु.) | सम्बन्धित कार्यालयको अनुदानबाट व्यहोरिने रकम (रु.) | प्रस्तावकले व्यहोर्ने रकमको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| जम्मा (रु.) | | | | | | | | |
| भ्याट (रु.) | | | | | | | | |
| कूल जम्मा (रु.) | | | | | | | | |

माथिका उल्लेखित सम्पूर्ण विवरणहरु सही रुपमा पेश गरेको छुकहि कतै झुठो ठहरिएमा कानुन बमोजिम सजाय , छौं/भोग्न तयार रहेको व्यहोरा अवगत गराउँछु

| संस्थाको जिम्मेवारी पदाधिकारीको | |
|---|---|
| नाम | |
| पद | |
| हस्ताक्षर | |
| मिति | |
| संस्थाको छाप | |

*नोट: आवेदकको योगदानमा जग्गाको मूल्य र चालुखर्च समावेस गर्न पाइने छैन ।*

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं.-१ बिराटनगर, नेपाल

सचिव

प्रमुख सचिव

अनुसूची–४

## लागत साझेदारीको प्रतिबद्धता

प्रदेश सरकार ............................ मन्त्रालय/निर्देशनालय/कार्यालय .............. को मिति ........................ को .......................... मा प्रकाशित सूचना अनुसार ........................ महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका ...........नं. वडा ................. गाउँ/टोल स्थायी ठेगाना भएको श्री ......................................... ले लागत साझेदारीमा ............................................... कार्यक्रम संचालनका लागि पेश गरेको व्यवसाय योजना अनुसार अनुमानित कूल लागत रु ............ को ......... प्रतिशतले हुन आउने रु. ....................... अक्षरुपी..................... बराबरको लगानी आफ्नो आन्तरिक श्रोतबाट व्यहोरी कार्यक्रम सम्पन्न गर्ने प्रतिबद्धता जाहेर गर्दछु ।

| बायाँ | दायाँ |
|---|---|
| | |

निवेदकको

दस्तखत

नाम :

मिति :

संस्थाको छाप :

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं.१ विराटनगर, नेपाल

प्रमुख सचिव

सचिव

अनुसूची–५

## समान प्रकृतिको अनुदान नलिएको स्वघोषणा

प्रदेश सरकार ............................ मन्त्रालय/निर्देशनालय/विज्ञ केन्द्र .............. को मिति ........................ को .......................... मा प्रकाशित सूचना अनुसार ........................ महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका ..........नं. वडा ................. गाउँ/टोल स्थायी ठेगाना भएको श्री ........................................ ले लागत साझेदारीमा ........................... कार्यक्रम संचालनका लागि पेश गरेको व्यवसाय योजना संग मेल खाने कार्यका लागि बिगत ३ बर्ष भित्र संघिय सरकार वा प्रदेश मन्त्रालय/निर्देशनालय/विज्ञ केन्द्रबाट अनुदान नलिएको स्वघोषणा गर्दछु । अन्यथा फेला परेर कसुरदार ठहरेमा सम्झौता रद्द लगायत नियमानुसारका अन्य सजाय भोग्न समेत तयार छु ।

| *बायाँ* | *दायाँ* |
|---|---|
| | |

<u>निवेदकको</u>

दस्तखत

नाम :

मिति :

संस्थाको छाप :

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं.१
विराटनगर, नेपाल

सचिव

प्रमुख सचिव

अनुसूची–६

## भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सिफारिस पत्र

श्री ..................

...............

बिषयः सिफारिस गरिएको बारे ।

उपरोक्त सम्बन्धमा प्रदेश सरकार ........................... मन्त्रालय/निर्देशनालय/विज्ञ केन्द्र .............. को मिति ....................... मा प्रकाशित सूचना मुताविक ....................... महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका ..........नं. वडा ................ गाउँ/टोल स्थायी ठेगाना भएको श्री ........................................ ले लागत साझेदारीमा ............................................ कार्यक्रम संचालनका लागि सिफारिस पाउँ भनि यस कार्यालयमा निवेदन दिएकोमा संलग्न कागजातहरुको अध्ययन तथा आवश्यक जाँचबुझ गर्दा निजले पेश गरेका विवरणहरु सही रहेको र सोही प्रकृतिको कार्यमा बिगत ३ बर्ष भित्र कुनै अनुदान लिएको देखिन नआएकाले निजको प्रस्ताव छनौट प्रकृयामा संलग्न गरिदिनु हुन सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

सिफारिस गर्नेको

दस्तखतः

नामः

मितिः

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं. १ विराटनगर, नेपाल

प्रमुख सचिव

सचिव

अनुसूची–७

# स्थलगत प्रमाणिकरण मूल्याङ्कन फारम

(क) सामान्य जानकारी

१. जिल्ला:

२. आवेदकको नाम:

३. स्थायी ठेगाना:

४. प्रस्तावित कार्यक्रमको नाम:

५. कार्यक्रम संचालन स्थलको ठेगाना:

६. स्थलगत प्रमाणिकरण मिति:

७. स्थलगत प्रमाणिकरणमा संलग्न पदाधिकारीको विवरण:

| क.सं. | पदाधिकारीहरुको नाम | पद | सहि |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

(ख) आवेदकको मूल्याङ्कन

| क.सं. | मूल्याकङ्कनका सूचकहरु | प्रमाणिकरणमा भेटिएको अवस्था र भार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | भौतिक क्षमता | ३० | |
| १.१ | कार्यक्रम कार्यान्वयन स्थलको जग्गा वा भवन आवेदकको आफ्नै स्वामित्वको छ/छैन | | |
| १.२ | प्रस्तावित कार्यक्रम संचालन गर्न प्रयाप्त जग्गा छ/छैन | | |
| १.३ | भविष्यमा विस्तारका लागि जग्गा उपब्ध हुनसक्ने संभावना छ/छैन | | |
| १.४ | बाढी पहिरोले क्षति नपुग्ने अवस्था छ/छैन | | |
| १.५ | कार्यक्रम कार्यान्वयन स्थलमा बाटो, पानी, विजुलीको सुविधा छ/छैन | | |
| १.६ | भौगोलिक हिसावले उक्त स्थानमा प्रस्थावित कार्यक्रम संचालन गर्न उपयुक्त छ/छैन | | |

सचिव प्रमुख सचिव

| क्र.सं. | मूल्याकङ्कनका सूचकहरु | प्रमाणिकरणमा भेटिएको अवस्था र भार | प्राप्ताङ्क |
|---|---|---|---|
| २ | *प्राविधिक क्षमता* | १५ | |
| २.१ | प्रस्तावित कार्यक्रमसंग मेल खाने कृयाकलापमा हाल संलग्नता छ/छैन | | |
| २.२ | आवश्यक प्राविधिक सेवा टेवा प्राप्त हुन सक्ने अवस्था छ/छैन | | |
| २.३ | आवेदक सम्बन्धित विषयको तालिम/अनुभव प्राप्त छ/छैन | | |
| ३ | *वित्तिय क्षमता* | १५ | |
| ३.१ | आवेदकलागत साझेदारी गर्न सक्नेआर्थिक अवस्थामा छ/छैन | | |
| ३.२ | बैंक मौजदात वा संचालित कारोवारको वचत छ/छैन | | |
| ३.३ | आवश्यक रकम वित्तिय संस्थाबाट ऋण प्राप्त गर्न सक्ने अवस्था छ/छैन | | |
| ४ | *वातावरणीय उपयुक्तता* | १० | |
| ४.१ | प्रस्तावित कार्यक्रम कार्यन्वयन गर्दा स्थानिय बासिन्दाबाट विरोध नहुने अवस्था छ/छैन | | |
| ४.२ | प्रस्तावित कार्यक्रमले वातावरणम नकारात्मक असर नपुग्ने अवस्था छ/छैन | | |
| ५ | *अन्य पक्षहरु* | २० | |
| ५.१ | संस्थागत/व्यवसायिक कृयाशिलता सन्तोषजनक छ/छैन | | |
| ५.२ | दर्ता/नविकरण/करचुक्ता/अडिट आदि अद्यावधिक छ/छैन | | |
| ५.३ | आवश्यक कच्चा पदार्थ प्राप्त हुन सक्ने अवस्था छ/छैन | | |
| ५.४ | उत्पादित वस्तुको सहज बजारिकरण हुन सक्ने अवस्था छ/छैन | | |
| ६ | स्थलगत टोलीको राय | १० | |
| ६.१ | आवेदक संग लागत साझेदारी गर्न उपयुक्त छ/छैन | | |
| | **जम्मा** | १०० | |

*नोट : उपरोक्तानुसार स्थलगत प्रमाणिकरणका दौरान सकारात्मक अवस्था भेटीए ५ अङ्क र नकारात्मक अवस्था भेटिए ० अङ्क प्रदान गर्दा कूल ४० अङ्क प्राप्त गर्न सफल प्रस्तावहरुको प्राथमिकिकरण गरिने छ। अन्यथा ४० भन्दा कम अङ्क प्राप्त गरेका प्रस्तावहरु छनौटका लागि प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिमा पेश गरिने छैन ।*

**(ग) आवेदकसंग विद्यमान भवन, सवारी साधन, ठूला मेशिनरी र उपकरणहरुको विवरण**

सचिव

प्रमुख सचिव

| क.सं. | विवरण | परिमाण | अवस्था |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

(घ) स्थलगत प्रमाणिकरणमा भेटिएका अन्य थप विवरण भए उल्लेख गर्ने

१.

२.

३.

(ङ) स्थलगत प्रमाणिकरण टोलको राय

स्थलगत प्रमाणिकरणमा भेटिएका तथ्यहरुको आधारमा आवेदकसंग लागत साझेदारी गरी प्रस्तावित कार्यक्रम संचालन गर्न उपयुक्त हुन्छ/हुँदैन भनी राय पेश गर्ने ।

| क.सं. | स्थलगत प्रमाणिकरण गर्ने पदाधिकारीको नाम | हुन्छ/हुँदैन | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

अनुसूची–८

व्यवसाय योजना मूल्याङ्कनका आधारहरु

| क.सं. | मूल्यांकनका आधारहरु | भार(प्रतिशत) | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | संस्थाको उमेर र अनुभव | १० | |
| १.१ | ३ वर्ष भन्दा घटी | २ | |
| १.२ | ३ देखि ५ वर्ष सम्म | ३ | |
| १.३ | ६ देखि ८ वर्ष सम्म | ४ | |
| १.४ | ९ देखि ११ वर्ष | ५ | |
| १.५ | १२ भन्दा बढी | १० | |
| २ | कार्यक्रम कार्यन्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था | २० | |
| २.१ | सडक सुविधा भएको | ४ | |
| २.२ | विजुलीको सुविधा भएको | २ | |



सचिव

| क्र.सं. | मूल्यांकनका आधारहरु | भार(प्रतिशत) | प्राप्ताङ्क |
|---|---|---|---|
| २.३ | खानेपानीको सुविधा भएको | २ | |
| २.४ | जग्गा आफ्नै भएको | ८ | |
| २.५ | आफ्नै स्वामित्वको भवन, भौतिक पूर्वाधार, सवारी साधन, यन्त्र उपकरण भएको | ४ | |
| ३ | **प्राविधिक दक्षता/सम्बन्धित विषयको तालिम (संस्थाको हकमा स्थायी कामदारहरुको)** | १० | |
| ३.१ | ७ दिन अवधि सम्मको तालिम | २ | |
| ३.२ | ७ देखि १५ दिन अवधि सम्मको तालिम | ४ | |
| ३.३ | १६ देखि ३० दिन अवधि सम्मको तालिम | ६ | |
| ३.४ | १ महिना देखि ३ महिना अवधि सम्मको तालिम | ८ | |
| ३.५ | ३ महिना भन्दा बढी अवधिको तालिम | १० | |
| ४ | **वित्तिय क्षमता** | ४ | |
| ४.१ | साझेदारीको प्रतिबद्धता सामेल भएको | २ | |
| ४.२ | अन्य निकायबाट पनि साझेदारी हुने प्रतिबद्धता भएको | २ | |
| ५ | **प्रत्यक्ष लाभाविन्वत संख्या** | ५ | |
| ५.१ | ५ जना सम्म | १ | |
| ५.२ | ५ देखि १० जना सम्म | २ | |
| ५.३ | ११ देखि १५ जना सम्म | ३ | |
| ५.४ | १६ देखि २० जना सम्म | ४ | |
| ५.५ | २१ देखि २५ जना सम्म | ५ | |
| ६ | **वातावरणिय उपयुक्तता** | ६ | |
| ६.१ | प्रस्तावित कार्यक्रमको वातावरणिय प्रभाव आंकलन गरिएको | ३ | |
| ६.२ | वातावरणिय प्रभाव न्युनिकरणका उपायहरु सामेल गरिएको | ३ | |
| ७ | **अन्य पक्षहरु** | २० | |
| ७.१ | विगतमा सम्पादित काम र प्रस्तावित कार्यक्रम विच तालमेल रहेको | ५ | |
| ७.२ | संस्थाको अवस्थिती र प्रस्तावित कार्यक्रम संचालन स्थल बिचको तादात्म्यता | ५ | |
| ७.३ | प्रमुख सञ्चालकको उमेर (४५ वर्ष वा कम उमेरको लागी पूर्णांक, ४६ देखि ५५ को लागी ३ अंक, ५६ देखि ६५ को लागी १ अंक र सो भन्दा बढीलाइ शून्य अंक) | ५ | |
| ७.४ | भइरहेको व्यवसाय नभइ लगानी गर्न खोजिएको नया व्यवसाय | ५ | |

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं. १ विराटनगर, नेपाल

सचिव

प्रमुख सचिव

| क्र.सं. | मूल्यांकनका आधारहरु | भार(प्रतिशत) | प्राप्ताङ्क |
|---|---|---|---|
| ८ | **स्विकृत कार्यविधीका अनुसारका थप आधारहरु** | **२५** | |
| ८.१ | सूचना मूताविक सम्बन्धित कार्यालयको प्राथमिकता | ५ | |
| ८.२ | आर्थिक प्रस्तावको गुणस्तर | ५ | |
| ८.३ | प्राविधिक प्रस्तावको गुणस्तर | ५ | |
| ८.४ | व्यावसायिक कार्य योजनाको स्पष्टता | ५ | |
| ८.५ | कार्याविधिको फर्मेट अनुसार | २ | |
| ८.६ | कार्य योजनाको विवरण | ३ | |
| ९ | **मुनाफा र शमविन्दुको आधारमा उपयुक्तता र दिगोपन** | **५** | |
| १० | **पेश भएका विवरणहरुको विश्वसनियता** | **५** | |
| १०.१ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको शिफारिस | १ | |
| १०.२ | स्थानिय बासिन्दाबाट विरोध नहुने प्रतिबद्धता | २ | |
| १०.४ | लेखा परिक्षण प्रतिवेदन | १ | |
| १०.५ | आधिकारिक निकायमा दर्ता नविकरण | १ | |
| | जम्मा | १०० | |

*नोट: १. उपरोक्तानुसार व्यवसाय योजनाको मूल्याङ्कन गर्दा न्यूनतम ५० प्रतिशत अङ्क प्राप्त गरेका प्रस्तावहरु मात्र छनौटको प्रतिष्पर्धामा सामेल हुनेछन् ।*

*२. प्रस्ताव मुल्यांकन समितिले आवश्यक ठानेमा कार्यक्रमका प्रकृति अनुसार बुँदा नं. ९ का मूल्याङ्कनको आधारहरु परिमार्जन वा थपघट गरी सम्वन्धित कार्यालय प्रमुख वाट स्वीकृत गराई लागु गर्न सक्नेछ ।*

सचिव

प्रमुख सचिव

अनुसूची–९

## पशु हाटबजार निर्माण/सुधार कार्यक्रम कार्यान्वयन द्विपक्षिय सम्झौता-पत्र

प्रदेश सरकार, ............... मान्त्रालय/ निर्देशनालय/ विज्ञकेन्द्र ........ को आ.व.................को स्वीकृत बार्षिक कार्यक्रम अनुसार लागत साझेदारीमा पशु हाटबजार निर्माण/सुधार कार्यक्रम संचालन गर्नका लागि मिति ................ गते ................ पत्रिकामा प्रथम पटक प्रकाशित सूचना मुताविक पेश हुन आएका प्रस्तावहरु मध्ये यस मान्त्रालय/ निर्देशनालय/ विज्ञ केन्द्रको मिति ..................... को..........स्तरिय निर्णयबाट श्री ...............................को प्रस्ताव छनौट भएको हुँदा ...................................*(यस पछि प्रथम पक्ष भनिने)* र श्री ............................*(यस पछि दोश्रो पक्ष भनिने)* का बीच तपसिल बमोजिमका शर्तहरु पालना गरीकार्यक्रम सन्चालन गर्न मन्जुरभै यो द्विपक्षियसम्झौता गरिदियौं/लियौं । इति सम्बत ........ साल ........ महिना ....... गते ....... रोज शुभम् ।

<u>तपसिल</u>

१. पशु हाटबजार निर्माण/सुधार कार्यक्रम.......... .जिल्ला......... महा/उपमहा/नगर/गाउँपालिका ............नं. वडाको ................गाउँ/टोलमा मिति ...............सम्ममा सम्पन्न गरिनेछ ।

२. प्रथम पक्षले पशु हाटबजार निर्माण कार्यक्रम संचालनको लागि दोश्रो पक्षले पेश गरेको व्यवसाय योजना मुताविक निम्न बमोजिमका कृयाकलापहरुका लागि अनुदान उपलब्ध गराउने छ ।

| *क.स.* | *कृयाकलाप विवरण* | *अनुमानित लागत रु* | *प्रथम पक्षले व्यहोर्ने रु* | *दोश्रो पक्षले व्यहोर्ने रु* |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | जम्मा | | | |
| अक्षरुपी | | | | |

३. प्रथम पक्षले प्रदानगर्ने अनुदान रकमबाट २ (दुई) प्रतिशत कन्टिजेन्सी वापत र नियमानुसारका अन्य कर कट्टा गरी बाँकी रकम दोश्रो पक्षको बैङ्क खातामा भुक्तानी दिने छ ।

४. दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव मुताविकको डिजाईन र लागत ईष्टिमेट अनुसारका सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारीत समय भित्र सम्पन्न गर्नु पर्नेछ ।

५. कार्यक्रम कार्यान्वयनका लगि आवश्यक निर्माण सम्बन्धि डिजाईन, ईष्टीमेट, सुपरभिजन, रनिङ्ग विल, अन्तिम विल र कार्य सम्पन प्रतिवेदन लगायतका सबै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, संचालन र जग्गाको व्यवस्था आदि दोश्रो पक्षले गर्नेछ ।

प्रमुख सचिव

६. दोश्रो पक्षले सुरुमा आफ्नो लगानीबाट कार्य सुरवात गरि सम्पन्न भएको कामको मान्यता प्राप्त प्राविधिकले तयार गरेको नियमानुसारको भ्याट बिल, दाखिला प्रतिवेदन, रनिङ्ग विल, मेजरमेन्ट बुक, कार्य सम्पन्न प्रतिवेदन र अन्य आवस्यक कागजात सहित भुक्तानीका लागि पेश गरे पाश्चात स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे बढीमा चार किस्तामा अनुदान रकम भुक्तानी प्रथम पक्षले गर्नेछ ।

७. छनौट भएको प्रस्तावकले बढिमा दुई वर्षमा कार्यक्रम सम्पन्न गरी सक्नु पर्नेछ । यसका लागि प्रथम पक्षले आवश्यकता अनुसार सालबसाली बार्षिक कार्यक्रममा बजेटको व्यवस्था गरी भुक्तानी दिने व्यवस्था गर्नु पर्नेछ ।

८. प्रथम पक्षले कुनैपनि समयमा संचालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको अनुगमन गर्न र आवश्यक सुझाव दिन सक्नेछ ।

९. कार्यक्रम संचालनका दौरान वा सम्पन्न भए पश्चातको संचालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनको लागि गरिने कार्यहरु तथा अप्रत्याशिल रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।

११. दोश्रो पक्षले कार्यक्रम संचालन स्थलमा सबैले देख्ने गरी अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखि होडिङ्ग बोर्ड सबैले देख्ने गरी राख्नु पर्नेछ ।

१२. दोश्रो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिको) कार्यक्रमको प्रगति, उपलब्धी एवं कारोवार सम्बन्धि विवरणहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

१३. कार्यक्रम संचालनका दौरानमा कुनै कुरा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसि सहमति अनुसार हुनेछ ।

१४. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा यस कार्यविधि, प्रचलित कानून र दुवै पक्षको सहमति अनुसार हुनेछ ।

१५. दोश्रो पक्षले सम्झौता मुताविकको काम नभै रकम दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भंग गर्ने र हिनामिना भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपरको प्रकृया अगाडी बढाउन सक्नेछ ।

*नोट : द्विपक्षिय सम्झौतामा आवश्यकता मुताविकका अन्य सान्दर्भिक बुँदाहरु थप गर्न सकिनेछ ।*

<u>प्रथम पक्षको तर्फबाट</u>

हस्ताक्षर :

नाम :

पद :

कार्यालयको छाप :

<u>दोश्रो पक्षको तर्फबाट</u>

हस्ताक्षर :

नाम :

पद :

संस्थाको छाप :

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं.-१ विराटनगर, नेपाल

सचिव

प्रमुख सचिव

अनुसूची–१०

## प्रस्तावका साथ संलग्न हुनु पर्ने कागजातहरु

१. रु. ५००।०० राजश्व दाखिला गरेको भौचर ।

२. अनुसूची–२ बमोजिमको आवेदन ।

३. अनुसूची–३ बमोजिम ढाँचामा तयार गरिएको व्यवसाय योजना ।

४. अनुसूची–४ बमोजिमको प्रतिबद्धता पत्र ।

५. अनुसूची–५ बमोजिमको स्वघोषणा ।

६. अनुसूची–६ बमोजिम भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सिफारिस पत्र ।

७. कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपी ।

८. लिजमा लिएको जग्गाको हकमा कम्तिमा २० वर्षको करारनामा वा सम्झौता पत्र ।

९. प्रचलित कानून बमोजिम अधिकारिक निकायमा संस्था/फर्म/व्यावसाय दर्ता, नविकरण गरेको प्रतिलिपि (स्थानिय तह बाहेक) ।

१०. मूल्य अभिबृद्धी कर **(VAT)** वा स्थायी लेखा नम्बर **(PAN)** दर्ता प्रमाण पत्रको प्रतिलिपी ।

११. सहकारी/साझेदारीको हकमा कार्य समितिको निर्णयको प्रतिलिपी ।

१२. अघिल्लो आ.व.को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ताको प्रतिलिपी ।

१३. व्यवसाय योजना मुताविकको डिजाइन र लागत अनुमान ।

१४. कार्यान्वयन स्थलको फोटो ।

१५. स्थानिय बासिन्दाबाट विरोध नहुने प्रमाण ।

१६. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी

१७. प्रस्तावकको वित्तिय क्षमता प्रमाणित गर्ने कागजात (बैंक ग्यारेन्टी, टर्नओभर, बैंक ब्यालेन्स) आदि ।

सचिव

प्रमुख सचिव